नेपाल ख्रीष्टियन हेराल्ड
NEPAL CHRISTIAN HERALD



राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 23 No 12 Monthly International Edition of Herald of His Coming December 2022

वर्ष २३, अङ्क १२ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (पुस, २०७९)

जागृतिको साँचो

The Key To Revival

By Rich Carmicheal

आशा छ यो अंकमा हामी पुनरुत्थान/जागृति बारेमा धेरै थाहा पाउन सक्छौं ! इश्वरको स्वरुपमा रहँदा हामीसँग भएको अति आवश्यकता चाहिं "मानिसहरू पुनरुत्थानको लागि उहाँलाई खोज्नु हो । केही मानिसहरू विश्वास गर्छन् कि स्थिति धेरै नाजुक छ र प्रभुको लागि समय धेरै छोटो छ ।

गुहार गर्छन "प्रभु अर्को जागरण पठाउनुहोस्, तर प्रभुमा विश्वास गर्ने धेरै कारणहरू यिनै हुन् ! एक अन्तिम बहिर्गमनको लागि सबै थप करणहरु ! ख्रीष्ट फर्कनु अघि यी अन्तिम दिनहरूमा निस्सन्देह उहाँले धेरैको हृदयहरू जगाउन चाहनुहुन्छ ! यदि उहाँका जनहरूले मात्र गर्नेछन भनि बिश्वास गर्छौं भने हामीले आफैलाई नम्र तुल्याउनु पर्छ, प्रार्थना गर्नुपर्छ र खोज्नुपर्छ र वास्तविकता यो हो कि प्रभुले मात्र गर्न सक्नुहुन्छ एक राष्ट्र (हरू) मा एक अभूतपूर्व काम त्यो पनि धेरै छोटो समयमा, जतिसुकै अन्धकार भए पनि, सर्तहरू भए पनि ! बचन अनुसार यसरि लेखिएको छ "जब म आकाशलाई बन्द गर्छु तब वर्षा हुँदैन वा म सलहलाई देशको ध्वंश गर्ने आदेश दिन्छु वा म मेरा मानिसहरू कहाँ महामारी पठाउँछु। अनि यदि मेरो मानिसहरू, जसलाई मेरो नाउँद्वारा पुकारिन्छ, तिनीहरू आफै विनम्र भई प्रार्थना गर्छन्, र यदि तिनीहरूले मलाई खोज्छन् अनि आफ्ना नराम्रा बाटोबाट तिनीहरू हट्छन् भने, तब म स्वर्गबाट तिनीहरूलाई सुन्नेछु। अनि म तिनीहरूको पापलाई क्षमा गरिदिने छु अनि तिनीहरूको भूमिलाई निको पारी दिनेछु (२ इतिहास ७:१३-१४)।

पुनरुत्थानको उदाहरणलाई विचार गरौं ! सन् १९०४-१९०५ मा वेल्समा पुनरुत्थान सुरु हुनु अघि, सम्पूर्ण आध्यात्मिक र नैतिक अवस्था देश अँध्यारो थियो । तर यो बिचको समयमा ईश्वरीय जनहरूले आफूलाई नम्र बनाइरहेका थिए, र प्रार्थना गरिरहेका थिए, र परमेश्वरको खोजी गरिरहेका थिए ! तिनीहरुको अनुहार परमेश्वर तर्फ फर्केको थियो र तिनीहरूका पापहरूबाट फर्केका थिए र त्यसको परिणाम के निस्क्यो त ? परमेश्वरले त्यो पुनरुत्थान/जागृति खन्याउनुभयो ! पहिलो छ महिनामा एक लाख जनले प्रभुलाई ग्रहण गरे, रूपान्तरण भयो, यसले आध्यात्मिक प्रभाव पार्यो, दुरदर्शी भएर देश भर नै नैतिक वातावरण बनाउने प्रयास भयो !

अर्को सन् १८५७-१८५९ मा अमेरिकामा भएको पुनरुत्थानलाई पनि विचार गरौं ! यो पुनरुत्थान केवल एक मुट्ठीभर ईश्वरीय इन्टर सेसरहरू (एकले अर्कोको निम्ति प्रार्थना गर्ने समुहहरु) बाट सुरु भएको थियो, शुरुमा दुइ जना थिए र अन्त्यमा देशभर लाखौंले प्रभुलाई ग्रहण गरे बृहत रूपान्तरण भयो त्यसले देशभर नैतिक परिवर्तनको बाढी ल्यायो !

के प्रभुले आज पनि त्यस्तै जागृति ल्याउन सक्नुहुन्छ? उहाँले गर्न सक्नुहुन्छ र त्यसमा कुनै शंका छैन ! उहाँ त्यसो गर्न (बिश्वमा ठुलो जागृति आएको) चाहनुहुन्छ। हाम्रो सामू पेचिलो प्रश्न यो छ कि " के हामी, परमेश्वरका जनहरूको रूपमा हिडडुल गरिरहेका छौं, के उहाँलाई हामीले पूर्ण हृदयले खोजेका छौं ? के हामी आफैं व्यक्तिगत र सामूहिक

पुनरुत्थान/जागृतिको लागि उठेका/जाजेका छौं ? प्रभुले हामीलाई पुनरुत्थान/जागृतिको साँचोको रूपमा हेर्दै हुनुहुन्छ, उहाँ भन्नुहुन्छ - "यदि मेरा मानिसहरू... (२ इतिहास ७:१४)

दुर्भाग्यवश, धेरै मानिसहरू यस्ता छन्, जनीतिज्ञ वा कानून खोज्दै हाम्रा समस्याहरू समाधान गर्नुहोस् भन्छन । जब कि यस्ता कुराले तिनीहरूको ठाउँ र कुनै प्रकारको समस्याको लागि मात्र आशा जाग्छ तर त्यो समाधान होइन ! आध्यात्मिक र नैतिक सफलताको हाम्रो आवश्यकता भनेको पवित्र आत्माको बहाव हो। वास्तवमा, वेल्शको यो विशेषतालाई विचार गर्नुहोस् ! पुनरुत्थान/जागृतिको निम्ति राजनीतिक बैठकहरू रद्द गरिएको थियो, प्रश्नै प्रश्नको कारण तिनीहरू पूर्ण रूपमा बाहिर देखिन्थे, कसैले चासो दिएनन । राजनीतिक नेताहरूले, लन्डनको संसदबाट समेत उनीहरूलाई पुनरुत्थान सभाहरूमा सहभागी हुन उर्दी छोडेका थिए ! अर्को शब्दमा भन्नु पार्दा राजनीतिक नेताहरुले पुनरुत्थानको आवश्यकता थिएन भन्ने सोच्थे तर राजनीतिज्ञहरूलाई पनि जागृति चाहिन्छ ! पुनरुत्थानहरू/जागृति परमेश्वरका मानिसहरूको आत्मिक अवशेषसँग गहन रुपले उहाँबाटै सुरु हुन्छ !

पुनरुत्थान/ जागृतिको निम्ति के चाहिन्छ ?

त्यसको लागि, इभान रोबर्ट्सले जोड दिएका यी चार अवस्थाहरूलाई विचार गरौं , (वेल्श पुनरुत्थानमा पवित्र आत्माको बहावको लागि):

- के तपाईको विगतमा तपाईले गरेको कुनै पाप छ र परमेश्वरलाई स्वीकार गरेको छैन भने आफ्नो पाप स्वीकार्नुहोस ,पश्चाताप गर्नुहोस क्षमा माग्नुहोस, घुंडा टेक्नुहोस र आफैलाई शुद्ध पार्नुहोस।
- तपाईको जीवनमा केहि छ कि शंकास्पद ? यो राम्रो हो कि नराम्रो? तपाईले निर्णय गर्न सक्नुहुन्न ! तर तपाईं र इश्वर बीच नजिकको सम्बन्ध बढाउनुहोस, तपाइको पाप उहाँले क्षमा गर्नुहुन्छ ! (मत्ती ६ : १२; मर्कूस ११ : २५-२६)।
- आत्माले तपाईंलाई जे गर्न प्रेरित गर्नुहुन्छ त्यही गर्नुहोस् ! आज्ञाकारि हुनुहोस - शीघ्र, निहित, बिना प्रश्न आत्माको आज्ञाकारितामा।
- आफ्नो मुक्तिदाता भनि ख्रीष्टको सार्वजनिक स्वीकार गर्नुहोस ! पेशा र गवाहीको बीचमा त्यहाँ ठूलो भिन्नता छ।

यो अन्तिम अवस्थालाई दिमागमा राखेर, साँचो पुनरुत्थानमा आफैंलाई ख्रीष्टको सदस्य बनाउनुहोस र उहाँको महिमाको लागि सारा ध्यान केन्द्रित गर्नुहोस् । हाम्रा सम्पूर्ण हृदयले पुनरुत्थान/जागृति खोजौं !

हेराल्डका अध्यक्ष डेभ बट्स - प्रभुसँग उहाँको घरमा जानुभयो !

(Dave Butts – Home With The Lord)

हेराल्ड सेवाकाइका अध्यक्ष डेभ बट्स हुन, उहाँ यहि नोभेम्बर २६, २०२२ मा प्रभुसँग उहाँको घरमा आत्मिक महाप्रस्थान गर्नु भयो ! उहाँ क्यान्सर पिडित हुनुहुन्थ्यो ! हामी उहाँको लागि प्रार्थना गर्ने सबैको आदर गर्छौं र उहाँको परिवारको लागि निरन्तर प्रार्थना गरिदिनु हुन अनुरोध गर्दछौं ! विशेष गरी उनकी पत्नी किमको निम्ति। कृपया प्रार्थनामा हेराल्ड सेवाकाइलाई पनि सम्झनुहोस् ! प्रार्थनामा जब हामी उहाँको अनुपस्थितिको सामना गर्छौं, हामी उहाँलाई धेरै सम्झना गर्नेछौं, तर हामी त्यहि समयमा उहाँको आत्मिक योगदान पनि फेला पार्छौं ! ख्रीष्टसँग हुनु भनेको धेरै राम्रो कुरा हो , त्यहाँ नै महा शान्ती छ त्यसैले हामीले सान्त्वना दिनु पर्छ ! बचनमा यसरि लेखिएको छ "जीवन र मरणमा एउटालाई छान्नु गाह्रो छ। म त यो शरीर छोडेर ख्रीष्टसितै रहन चाहन्छु। त्यो धेरै उत्तम हो। (फिलिप्पी १:२३) ! यो कुरा थाहा पाउनु अघि हामीलाई खबर आयो र हामीले छोटो समयमा यो संक्षिप्त सुचना प्रवाह गर्न सक्षम भयौं ! तथापि, हामीले डेभको जीवन र सेवकाईको बारेमा हेराल्डको आगामी अंकहरुमा उहाँको लेखहरु प्रकासित गर्ने जमर्को गर्नेछौं !

नियमित बाइबल पढ्ने बानी बसाल्नौं

जागृतिलाई केन्द्रित गरौं !

By Lois J. Stucky (1928 – 2014) (20230102)

यो पढ्ने बेलासम्म कोही हुन सक्छन् जोसँग यो बोझ र दृष्टि छ र त्यसको निम्ति स्थानीय चर्चमा जागृति ल्याउन प्रार्थना गर्ने एक वा दुई जनामात्र हुनसक्छन् । प्रिय भाइ, McLeod, जसलाई परमेश्वरले सेवकको रुपमा प्रयोग गर्नुहुन्थ्यो ।

उहाँले क्यानाडाको जागृतिमा गति ल्याउन प्रार्थना गर्नुभयो, उहाँले भन्नुभयो, "तपाईं प्रभुले देखाउनु भएको सही मार्गमा हुनुहुन्छ; प्रभुको साथमा रहनुहोस् !" चासो दिएर धेरै कुरा खोज्नुहोस् ! लगनशीलताले फल दिन्छ । जागृति कति नजिक छ भन्ने कुरा हामीलाई थाहा छैन ! जागृतिको निम्ति सबै तयारी प्रभु आफैले गर्नुहुन्छ तर हामीले झट्ट देख्न सक्दैनौं ।

"सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ, "हेर, म मेरो समचार-वाहकलाई पठाउँदैछु । उसले मेरो निम्ति बाटो तयार पार्नेछ । मालिक तपाईं जसको खोजीमा हुनुहुन्छ त्यो अचानक उसको मन्दिरमा आउनेछ । करारको समाचार-वाहक साँच्चै आउँदैछ ।" (मलाकी ३:१) कसलाई के थाहा छ र ? सामान्य दिन पनि असाधारण दिन हुन सक्छ जुन दिन परमेश्वर उहाँको पवित्र मन्दिरमा भित्र पस्नुहुन्छ ! त्यसैले सधैं वफादार रहनुहोस् ।

आज्ञाकारी हुनुहोस् । सानो कुरा जस्तो लाग्ने आज्ञाकारीताले हाम्रो आत्मिक जीवन राम्रो हुन सक्छ, त्यसैले हृदयको ढोका खोल्नै पर्छ, आशीर्वादको निम्ति एकान्त कोठामा घुँडा टेक्नै पर्छ ! परमेश्वरले हामीलाई मद्दत गर्नुहुन्छ, त्यसैले हामीले गर्न चाहेको सानो कुरामा पनि संवेदनशील हुनुपर्छ !

सायद प्रिय भाइ मूरको दिमागमा पनि यही सोच थियो, उनले भन्थे हामीले बारम्बार कम से कम संसारिक कुरालाई भन्दा परमेश्वरको आत्मिक वचनलाई धेरै महत्वपूर्ण छ भनी बुझ्न सक्नुपर्छ ! हामीले परमेश्वरको त्यो कोमल आवाजलाई सुन्नुपर्छ अनि मात्र पवित्र आत्माले हामीलाई जागृतिको निम्ति मार्गनिर्देशन दिनुहुन्छ !

उहाँको प्रतिज्ञाहरू अनुसार हामीले परमेश्वरमा ध्यान केन्द्रित गरिरहनुपर्छ । परमेश्वरको वचनले हामीलाई आशा र विश्वासले भरिपूर्ण बनाउँछ ! हामी एक विश्वासी हौं उहाँको सेवा गर्छौं, यसरी परमेश्वर विश्वासयोग्य हुनुहुन्छ ! दोस्रो इतिहास ७:१४ मा उहाँको करारले यही बताउँछ ! "अनि यदि मेरो मानिसहरू, जसलाई मेरो नाउँद्वारा पुकारिन्छ, तिनीहरू आफैं विनम्र भई प्रार्थना गर्छन्, र यदि तिनीहरूले मलाई खोज्छन् अनि आफ्ना नराम्रा बाटोबाट तिनीहरू हट्छन् भने, तब म स्वर्गबाट तिनीहरूलाई सुन्नेछु । अनि म तिनीहरूको पापलाई क्षमा गरिदिने छु अनि तिनीहरूको भूमिलाई निको पारी दिनेछु ।"

बाइबल अध्ययन

१ इतिहास ७ : १४, भजनसङ्ग्रह ३२ : ५, ३४ : १४, १८, ५१ : १-४, १७, यशैया ५५ : ६ - ७, ५७ : १५, ६१ : १- २, मत्ती ३ : २, ७ - ८, ५ : ४, मर्कूस १ : ४, १४ - १५, २ : १७, ६ : १२, लूका १५ : ३ - ७, १८ : १३ - १४, २४ : ४७, प्रेरित २ : ३८, २६ : २०, रोमी २ : ४ - ५, २ कोरिन्थी ७ : ८ - १०, २ तिमोथी २ : २५, हिब्रू १२ : १७, याकूब ४ : ८ - १०, १ यूहन्ना १ : ९, प्रकाश २ : ५,१६, ३ : २ - ३, १९ ।

खीष्ट येशूका आज्ञाहरू

विश्वास सम्बन्धमा

- सु-समाचारमा विश्वास गर, मर्कूश १ :१५
- पिता र ममा विश्वास गर, यूहन्ना १४ : १
- मलाई पठाउनेलाई विश्वास गर, यूहन्ना : २८ - २९
- पिता ममा र म पितामा छौ भनेर विश्वास गर, यूहन्ना १४ : ११
- मैले गरेका काममा विश्वास गर यूहन्ना १० : ३७ - ३८
- मैले जे पिताबाट पाएको छु त्यसमा विश्वास गर मकूर्श ११ : २४

नयाँ जन्मको सम्बन्धमा

- नयाँ गरि जन्मनै पर्छ, यूहन्ना ३ : ७
- तिमीभित्र भएकोलाई सफा गर मत्ती २३ : २६
- रुख राम्रो वनाउ र फल राम्रो हुन्छ मत्ती १२ : ३३
- म मा रहो र म तिमीहरूमा यूहन्ना १५:४
- नून जस्तै वन मकूर्श ९ : ५०
- अनन्त जीवनको निम्ति दुःख गर यूहन्ना ६:२७
- आनन्दित बन किनकि तिम्रो नाम स्वर्गमा लेखिएको छ लूका १०:२०

पवित्र आत्मा पाउने सम्बन्धमा

- पवित्र आत्मा लिओ : यूहन्ना २० :२२
- पहिला वालवालीकाले थाहा पाउन मकूर्श ७ : २७
- तिर्खाउने आओस र पिओस् - यूहन्ना ७ : ३७ -३८
- मेरो आज्ञा पालन गर पिताले आशिष दिनुहुन्छ यूहन्ना १४ :१५-१७
- आनन्दले माग पाउनेछौ यू. १६ : २४, लुका ११:५ - १३
- सल्लाहकारको गवाही दिनुहुन्छ यूहन्ना १५ : २६

येशूको पछि लाग्ने सम्बन्धमा

- मलाई पच्छाउ यूहन्ना १२ : २६
- बप्तिस्मा लेऊ मत्ती ३ : १३, २८ : १९
- मेरो सम्झनामा खाने गर लुका २२ : १७ - १९

- एक अर्काको खुट्टा धोऊ यूहन्ना १३ : १४-१५
- कोही मेरो पछि लाग्छ भने आफ्नो क्रूस आफै बोकोस् लुका ९ : २३
- मबाट सिक मत्ती ११ : २९
- मेरो प्रेममा रहो यूहन्ना १५ :९

प्रार्थना सम्बन्धमा

- सधै प्रार्थना गर, लुका २१ : ३६
- परीक्षामा नपर्न प्रार्थना गर लुका २२ : ४० - ४६
- खेतालाको निम्ति प्रार्थना गर लुका ६ : २८
- गाली गर्नेको निम्ति प्रार्थना गर लुका ६ : २८
- पितालाई खीष्टको नाउँमा प्रार्थना गर मत्ती ६:६, यूहन्ना १६ : २४ - २६
- प्रभुको प्रार्थना मत्ती ६ : ९ - १३
- अन्य जातिले जस्तो प्रार्थना नगर मत्ती ६ : ७ - ८

प्रार्थना गरौं

- राष्ट्रिय खीष्टियन महासंघ सबै खीष्टियनको हक-हितको लागि लगातार काममा लाग्न सकोस् ।
- देशभरिका खीष्टियनहरुका बीचमा एकता आइरहोस् ।
- विश्वभर फैलिएको कोरोना (कोभिड १९) महामारीबाट संसारले चाँडै मुक्ति प्राप्त गरेको होस् ।

  साथै हालै देखिएको कोरोनाको ओमिक्रोन भेरिएन्टबाट प्रभावित संसारभरिका मानव समुदायका निम्ति प्रार्थना गरौं ।
- अन्याय, अपराध, अपहरण, हत्या, चोरी, डकैती, व्यभिचारजस्ता सामाजिक अपराधहरु रोकिन सकोस् ।
- प्रवासी नेपालीहरुको बीचमा सुसमाचार कार्य र मण्डली वृद्धि हुन सकोस् ।
- अन्धकारको शक्ति र तिनका दुष्टकार्य, योजनाहरु, किल्लाहरु आदिको विरुद्धमा प्रार्थना गर्ने । (एफिसी ६ : १२)
- विद्यमान आर्थिक संकटबाट देश मुक्त हुन सकोस् ।

कृष्ण नेपाली (आमोस) लिखित

प्रार्थनाको सामर्थ्य

पुस्तक खीष्टियन पुस्तक पसलहरुमा उपलब्ध छ
खोजी खोज पढौं ।

अन्तर्राष्ट्रिय प्रार्थनाका विषयहरू

- इराकमा परमेश्वरको काम अझै प्रभावशाली हुन सकोस् र त्यहाँको साइले प्रार्थनाले निरन्तरता दिन सकोस् भनी प्रार्थना गरौं ।
- युरोपमा फेरि हामीले प्रचारकहरू पठाउनुपर्ने चुनौती आएको छ । संसारका धेरै देशहरूले यो काम सुरु गरिसकेका छन् । आउनुहोस् हामी पनि सहभागी बनौं ।
- प्यालेस्टाइनमा भएका यहुदीहरू र ख्रीष्टियनहरू एकतामा आउन सकुन् र साँचो परमेश्वरको सत्यतालाई बुझ्न सकुन् यही प्रार्थना गरौं ।
- संयुक्त राष्ट्र संघका नेताहरूका लागि प्रार्थना गरौं । जोहरूले संसारमा शान्ति स्थापना गर्न सकुन् ।
- युगाण्डामा शान्ति स्थापना हुन सकोस् साथै त्यहाँ परमेश्वरको महान् काम हुन सकोस् भनी प्रार्थना गरौं ।
- संसारमा कति जातिहरू छन् जसको आफ्नो भाषामा बाइबल छैन । हामीमध्ये कति जनाको आफ्नै भाषामा बाइबल अनुवाद भएको छैन भने अब हामी प्रार्थना गर्न ढिला नगरौं ।
- संसारभरि कति ठाउँहरूमा सुसमाचारको खातिर प्रचारकहरूले दुःख भोगिरहेका छन् तिनीहरूको बीचमा सेवकाई गर्ने व्यक्तिहरूको लागि प्रार्थना गरौं ।

परमेश्वरको नाम र अर्थ

एल्	-	सामर्थका परमेश्वर
एलेहिम	-	सृष्टिकर्ता परमेश्वर
एल ओलाम	-	अनन्तको परमेश्वर
एल् सदाब	-	मलाई देख्नुहुने परमेश्वर
एलोह	-	सम्झनुहुने परमेश्वर
एल गिब्दोन	-	शक्तिशाली परमेश्वर
एल् एलोह इससाइली	-	परमप्रभु इस्राएलका परमेश्वर
एल् एल्योल	-	अति उच्च परमेश्वर
इम्मानुएल	-	परमेश्वर हामीसँग
यह्वे	-	परमप्रभु
यह्वे सिद्धकोन	-	परमप्रभु मेरो धार्मिकता
यह्वे शाबोध	-	सेनाहरूका परमप्रभु
यह्वे निस्सी	-	परमप्रभु मेरो झण्डा
यह्वे शे. ए.	-	परमप्रभु मेरो गोठालो
यह्वे मक्कादेश	-	पवित्र तुल्याउनुहुने परमेश्वर
यह्वे एलसलोह क्याना	-	परमप्रभु डाही परमेश्वर
यह्वे पिरे	-	प्रबन्धकर्ता परमेश्वर
यह्वे शम्माह	-	परमप्रभु त्यही परमेश्वर
यह्वे शालोन	-	परमप्रभु मेरो शान्तिका परमेश्वर
यह्वे रोफेका	-	परमप्रभु मेरो चङ्गाइकर्ता

मुक्तिका पाइला

'पश्चाताप गर्नुस् कि तपाईं पापी हुनुहुन्छ, पापले मृत्यु ल्याउँछ किनकि सबैले पाप गरेका छन् र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्' (रोमी ३ : २३) 'किनकि पापको ज्याला मृत्यु हो तर परमेश्वरको सित्तैमा वरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो ।' (रोमी ६ : २३) दुःखले तपाईंलाई पापबाट परमेश्वरसँग पश्चाताप गर्ने बनाउँदछ । '

दुष्टले आफ्नो बाटो र अधर्मीले आफ्नो विचार त्यागोस् र परमप्रभुतिर फर्कोस् र उहाँले त्यसमाथि कृपा गर्नुहुनेछ । हाम्रा परमेश्वरतर्फ त्यो फर्कोस् र उहाँले यसलाई सित्तैमा क्षमा गर्नुहुनेछ ।' (यशैया ४४ : ७) विश्वास गर्नु 'किनभने मैले जे पाएँ त्यसलाई सबैभन्दा मुख्य विषयको रूपमा तिमीहरूलाई सुम्पिदिएँ, अर्थात् पवित्र धर्मशास्त्रअनुसार ख्रीष्ट हाम्रा पाको निम्ति मर्नुभयो । उहाँ गाडिनुभयो र पवित्र धर्मशास्त्रअनुसार तेस्रो दिनमा उहाँ पुनर्जीवित पारिनुभयो ।' (१ कोरिन्थी १५ : ३४) येशूलाई मुक्तिदाता भनेर विश्वास गर्नुहोस्, उहाँमा पश्चाताप गर्नुहोस् ।

'किनकि यदि तिमीले येशूलाई प्रभु हो भनी आफ्नो मुले स्वीकार गऱ्यौ, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास गऱ्यौ भने तिम्रो उद्धार हुनेछ ।' (रोमी १० : ९) तब पत्रुसले तिनीहरूलाई भने, 'पश्चाताप गर र तिमीहरूका पाप क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ किनकि प्रतिज्ञा तिमीहरूका निम्ति तिमीहरूका सन्तानहरूका निम्ति र टाढाटाढा रहेका सबैका निम्ति हो, प्रत्येक जसलाई प्रभु हाम्रो परमेश्वरले बोलाउनु हुन्छ ।

... तब जस-जसले उनको कुरा ग्रहण गरे तिनीहरूले बप्तिस्मा लिए ... । (प्रेरित २ : ३८ - ४१)

हार्दिक शुभकामना

हाम्रा मुक्तिदाता प्रभु येशू ख्रीष्टको शुभ जन्मोत्सव (ख्रीष्टमस) साथै नव वर्ष २०२३ को सुखद अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनी तथा नेपालका सम्पूर्ण मण्डली परिवारमा उत्तरोत्तर प्रगति, सुख, शान्ति एवं सुस्वास्थ्यको शुभकामना व्यक्त गर्दै सबैमा शान्ति, प्रेम, विश्वास र एकता लागि परमेश्वरसँग प्रार्थना गर्दछौं ।

नेपाल ख्रीष्टियन हेराल्ड परिवार

तथा

प्रेरणा मण्डली परिवार

ठमेल, काठमाडौं

विशेष धन्यवाद

पा. माधव पौडेल, दीपक लामिछाने, चित्र सेन्चुरी, ललित तामाङ ।

स्थानीय वितरक

एस्तर कुमाल, टोकियो, जापान । इस्माइल लेप्चा, दार्जीलिङ, भारत । केदार तामाङ, मलेसिया । पावल राई, बहराइन । सुजन अधिकारी, रोमानिया । काठमाडौं, हेराल्ड अफिस, नयाँ बजार, काठमाडौं ।

BOOKPOST

पत्र पाउनेको ठेगाना (TO)

नाम (Name) :

ठेगाना (Address) :

हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह-सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 01- 4382442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Shanti Poudel

Editor: Nava Raj Panta